**२०७६ साल बैसाख २५ गते बुधबार बसेको मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिको बैठकका निर्णयहरुः-**

- द्वन्द्व पिडित राहत वितरण कार्यविधि, २०७६ स्वीकृत गर्ने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/३/२०७६/०१/१२ को प्रस्ताव प्रदेश मं.प.वै.सं. ०२/०७६ मिति २०७६/०१/२४ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "प्रदेश मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार आजको बैठकमा पेश हुँदा "प्रस्तुत कार्यविधिका सम्बन्धमा छलफलमा उठेका बिषयहरु समेत समेटेर परिमार्जन गरी आगामी बैठकमा पेश गर्न सम्बन्धित मन्त्रालयमा पठाउने।"
- प्रदेश उद्धार तथा राहत कोष सञ्चालन निर्देशिका, २०७५ संशोधन गर्ने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/५/२०७६/०१/२४ को प्रस्ताव प्रदेश मं.प.वै.सं. ०२/०७६ मिति २०७६/०१/२४ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "प्रदेश मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार आजको बैठकमा पेश हुँदा "प्रस्तुत निर्देशिका संशोधन सम्बन्धमा छलफलमा उठेका बिषयहरु समेत समेटेर परिमार्जन गरी आगामी बैठकमा पेश गर्न सम्बन्धित मन्त्रालयमा पठाउने।"

**२०७६ साल बैसाख २८ गते शनिबार बसेको मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिको बैठकका निर्णयहरुः-**

- द्वन्द्व पिडित राहत वितरण कार्यविधि, २०७६ स्वीकृत गर्ने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/३/२०७६/०१/१२ को प्रस्ताव प्रदेश मं.प.वै.सं. ०२/०७६ मिति २०७६/०१/२४ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "प्रदेश मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार समितिको मिति २०७६/०१/२५ गतेको बैठकमा पेश हुँदा "प्रस्तुत कार्यविधिका सम्बन्धमा छलफलमा उठेका बिषयहरु समेत समेटेर परिमार्जन गरी आगामी बैठकमा पेश गर्न सम्बन्धित मन्त्रालयमा पठाउने।" निर्णय भएको र मन्त्रालयबाट प्राप्त परिमार्जन सहितको मस्यौदा आजको बैठकमा पेश हुँदा "मन्त्रालयबाट प्राप्त परिमार्जन र समितिको छलफलमा उठेका विषयहरु समेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "द्वन्द्व पिडित राहत तथा उपचार सम्बन्धी कार्यविधि, २०७६" को मस्यौदा सिफारिस सहित मन्त्रिपरिषदमा पेश गर्ने।"

- प्रदेश उद्धार तथा राहत कोष सञ्चालन निर्देशिका, २०७५ संशोधन गर्ने विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/५/२०७६/०१/२४ को प्रस्ताव प्रदेश मं.प.वै.सं. ०२/०७६ मिति २०७६/०१/२४ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "प्रदेश मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार समितिको मिति २०७६/०१/२५ गतेको बैठकमा पेश हुँदा "प्रस्तुत निर्देशिका संशोधन सम्बन्धमा छलफलमा उठेका बिषयहरु समेत समेटेर परिमार्जन गरी आगामी बैठकमा पेश गर्न सम्बन्धित मन्त्रालयमा पठाउने।" निर्णय भएको र मन्त्रालयबाट प्राप्त परिमार्जन सहितको संशोधनको व्यहोरा आजको बैठकमा पेश हुँदा "प्रदेश उद्धार तथा राहत कोष सञ्चालन निर्देशिका, २०७५ मा हाल प्रस्ताव गरिएबमोजिम संशोधन गर्न नपर्ने ब्यहोरा सिफारिस सहित मन्त्रिपरिषदमा पेश गर्ने।"

- कर्णाली पूर्वाधार विकास प्राधिकरण गठन, काम कर्तव्य र अधिकार सम्बन्धी व्यबस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. ३/४/२०७६/०१/२४ को प्रस्ताव प्रदेश मं.प.वै.सं. ०२/०७६ मिति २०७६/०१/२४ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "प्रदेश मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार समितिको मिति २०७६/०१/२५ गतेको बैठकमा पेश हुँदा "प्रस्तुत विधेयकका सम्बन्धमा छलफलमा उठेका बिषयहरु समेत समेटेर परिमार्जन गरी आगामी बैठकमा पेश गर्न सम्बन्धित मन्त्रालयमा पठाउने।" निर्णय भएको र मन्त्रालयबाट प्राप्त परिमार्जन सहितको मस्यौदा आजको बैठकमा पेश हुँदा "मन्त्रालयबाट प्राप्त परिमार्जन र समितिको छलफलमा उठेका विषयहरु समेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "कर्णाली पूर्वाधार विकास प्राधिकरण गठन, काम कर्तव्य र अधिकार सम्बन्धी व्यबस्था गर्न बनेको विधेयक" को मस्यौदा सिफारिस सहित मन्त्रिपरिषदमा पेश गर्ने।"

- कर्णाली प्रदेश पर्यटन बोर्ड (गठन) आदेश, २०७६ स्वीकृत गर्ने विषयको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं. ४/१/२०७६/०१/२४ को प्रस्ताव प्रदेश मं.प.वै.सं. ०२/०७६ मिति २०७६/०१/२४ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "प्रदेश मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार समितिको मिति २०७६/०१/२५ गतेको बैठकमा पेश हुँदा "प्रस्तुत (गठन) आदेशका सम्बन्धमा छलफलमा उठेका बिषयहरु समेत समेटेर परिमार्जन गरी आगामी बैठकमा पेश गर्न सम्बन्धित मन्त्रालयमा पठाउने।" निर्णय भएको र मन्त्रालयबाट प्राप्त परिमार्जन सहितको मस्यौदा आजको बैठकमा पेश हुँदा "मन्त्रालयबाट प्राप्त परिमार्जन र समितिको छलफलमा उठेका विषयहरु समेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "कर्णाली पर्यटन बोर्ड (गठन) आदेश, २०७६" को मस्यौदा सिफारिस सहित मन्त्रिपरिषदमा पेश गर्ने।"

**२०७६ साल श्रावण १५ गते बुधबार बसेको मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिको बैठकका निर्णयहरुः-**

- प्रदेश कानून नबनेका विषयमा त्यस्ता कानून नबनेसम्मका लागि संघीय कानून अनुसार कार्य सञ्चालन गर्ने विषयको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. २८/२०७५/०४/२६ को प्रस्ताव प्रदेश मं.प.वै.सं. २१/०७५ मिति २०७५/०४/२६ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार आजको बैठकमा पेश हुँदा "प्रदेश कानून नबनेका विषयमा त्यस्ता कानून नबनेसम्मका लागि संघीय कानून अनुसार कार्य सञ्चालन गर्न बाधा नपर्ने हुँदा यस सम्बन्धमा हाल केहि गर्नुपर्ने नदेखिएको व्यहोरा सिफारिस सहित मन्त्रिपरिषद्मा पेश गर्ने।"
- कर्णाली प्रदेश वातावरण संरक्षण विधेयक, २०७५ प्रदेश सभामा पेश गर्ने स्वीकृति दिने विषयको उद्योग, पर्यटन, वन तथा वाताबरण मन्त्रालयको नं. ५/२०७५/०२/२७ को प्रस्ताव प्रदेश मं.प.वै.सं. १६/०७५ मिति २०७५/०२/३१ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार आजको बैठकमा पेश हुँदा "वातावरण संरक्षण सम्बन्धी संघीय कानूनी व्यवस्था तथा अन्य पक्षहरुको समेत थप अध्ययन गरी बिधेयकको मस्यौदा तयार गर्न उपयुक्त देखिएकोले सम्बन्धित मन्त्रालयमा प्रस्ताव फिर्ता पठाउन सिफारिस सहित मन्त्रिपरिषद्मा पेश गर्ने।"
- प्रदेश स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको सामाजिक विकास मन्त्रालयको नं. ७-४/२०७६/०२/१७ को प्रस्ताव प्रदेश मं.प.वै.सं. ८/०७६ मिति २०७६/०४/१४ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार आजको बैठकमा पेश हुँदा "प्रस्तावित मस्यौदामा देहायबमोजिम परिर्माजन गरी प्रदेश सभामा पेश गर्न सिफारिस सहित मन्त्रिपरिषद्मा पेश गर्ने।"
- **देहायः**
    - दफा १ को उपदफा (१) मा रहेको "कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५" को सट्टा "कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७६" राख्ने।
    - दफा २ को खण्ड (ख) मा रहेको "जन स्वास्थ्य सेवा ऐन, २०७५" बमोजिम भन्ने शब्दहरु हटाउने।
    - दफा २ को खण्ड (ङ) मा नियम पछिको "नियममा" भन्ने शब्द हटाई "नियम तथा निर्देशिका" भन्ने शब्दहरु राख्ने।
    - दफा १८ को उपदफा (१) हटाउने र उपदफा २ को "(२) उपदफा (१) बमोजिमको" भन्ने अक्षर र अंकहरु हटाई बाँकि रहने "आकस्मिक स्वास्थ्य उपचार कोषको गठन,

सञ्चालन तथा व्यवस्थापन तोकए बमोजिम हुनेछ।" भन्ने व्यहोरालाई दफा १८ मा कायम गर्ने।

- प्रदेश आकस्मिक स्वास्थ्य उपचार कोष (संचालन) निर्देशिका, २०७६ स्वीकृत गर्ने विषयको सामाजिक विकास मन्त्रालयको नं. ७-५/२०७६/०३/०२ को प्रस्ताव प्रदेश मं.प.वै.सं. ८/०७६ मिति २०७६/०४/१४ को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार आजको बैठकमा पेश हुँदा "प्रस्तावित निर्देशिका कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐनको विधेयक पेश हुने क्रममा रहेको सन्दर्भलाई समेत विचार गरेर तत्कालका लागि थप अध्ययन गरी पेश गर्न सम्बन्धित मन्त्रालयमा प्रस्ताव फिर्ता पठाउन सिफारिस सहित मन्त्रिपरिषद्मा पेश गर्ने।"